# जानकी गाउँपालिका सभामा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तव्य

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
२०७९ असार १० गते

CamScanner

**यस गरिमामय गाउँसभाका सभाध्यक्ष महोदय, गाउँ सभाका सदस्यहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु**

१. जानकी गाउँपालिकाको गाउँ सभामा आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको आधारस्तम्भको रूपमा रहेको स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहको दोस्रो निर्वाचनबाट् निर्वाचित हुनुभएका सम्पूर्ण सभा सदस्यहरुलाई हार्दिक बधाई दिदै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछु यस निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, स्वच्छ र भयरहित तवरमा सम्पन्न गर्न योगदान गर्नुहुने आम नागरिक, राजनीतिक दल, निर्वाचन आयोग र राष्ट्रसेवक लगायत सबैमा म हार्दिक धन्यवाद दिन चाहन्छु ।

३. राजनीतिक परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलन, जनयद्ध मधेश आन्दोलन लगायतका आन्दोलनमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने महान शहिदहरूप्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु। यस क्रममा भएका घाइते शहिद परिवार बेपत्ता नागरिक र तिनका परिवारहरूको समेत स्मरण गर्दै परिवर्तनको लागि अग्रणी भूमिका निर्वाह गर्नुहुने व्यक्तित्वहरू र आम जनसमुदायमा हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु। कोभिड-१९ को कारण मृत्युवरण हुन पुगेका गाउँबासीहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै हाल उपचार रहनु भएका सम्पूर्ण संक्रमित गाउँबासीहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

४. संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, लुम्बिनी प्रदेश, जानकी गाउँपालिका बाँके उपाध्यक्षको हैसियतले नेपालको संविधानको धारा २३० बमोजिम यस गरिमामय सभामा जानकी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को वार्षिक बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५. आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु। सर्वप्रथम यस जानकी गाउँपालिकाको १२औं गाउँसभामा वार्षिक बजेट पेश गर्ने अवसर पाएकोमा खुसी लागेको छ।

६. जानकी गाउँवासीको चाहना अनुरुप आर्थिक समृद्धि र सामाजिक रुपान्तरण गर्न गाउँवासीको आवश्यकतालाई बजेटमा आत्मसात गर्ने प्रयत्न गरेको छु । स्रोत साधनको सिमितता

छब्बन खाँ
गा.पा. अध्यक्ष

कोभिड-१९ को महामारीको विद्यमान परिस्थिति, न्यून आयस्रोत र गाउँवासीको उच्च आकांक्षालाई मध्यनजर गरी महामारीले नकरात्मक प्रभाव पारेका सामाजिक र आर्थिक क्षेत्रको पुनर्उत्थान गरी समृद्धिको यात्रालाई जारी राख्न बजेट विनियोजन गरेको छु । क्षेत्रगत र भौगोलिक सन्तुलन कायम हुनेगरी दीर्घकालीन रुपमा प्रतिफल दिन सक्ने योजनाहरु कार्यन्वयन गर्न स्रोत साधन, प्रविधि र जनशक्ति आदिको प्रभावकारी र कुशल रुपमा बजेटको उपयोग गर्ने रणनीति अवलम्बन गरेको छु ।

७. बजेट विनियोजनमा स्थानीय टोलबासीको माग, वड़ा समिति, विषयगत समिति, राजस्व परामर्श समिति समेतको सिफारिसको आधारमा योजनाको प्राथमिकीकरण गरी वजेट विनियोजन गरेको छु । विनियोजित बजेटमा एकै पटक असीमित आवश्यकता पुरा गर्न अप्ठेरो भएतापनि सकेसम्म समेटने प्रयास गरेको छु ।

**सभाध्यक्ष महोदय,**

उपलब्ध स्रोत साधन र विभिन्न सम्भावनाको वावजुद यस गाउँपालिकामा देहायका **चुनौतीहरु** विद्यमान छन ।

- विपन्न, गरिब परिवारलाई खाद्य संकटबाट मुक्त गराउनु,
- गाउँपालिकाले आफ्नो आन्तरिक श्रोतको सम्भाव्यताका आधारमा राजस्व संकलन गर्नु,
- गाउँपालिका क्षेत्रभित्रको अव्यवस्थित जग्गालाई व्यवस्थापन गर्नु ,
- भवन संहिताको प्रभावकारी कार्यान्वयन गरी सुरक्षित घर निर्माण गर्नु ,
- अव्यवस्थित शहरीकरणलाई व्यवस्थापन गर्नु ,
- अव्यवस्थित प्लटिङ रोक्का गरी भू-उपयोग नीति र योजनाका आधारमा जमीनको उपयोग गर्नु
- समाजमा बढ्दो रुपमा रहेको लागु औषध दुर्व्यसनीलाई नियन्त्रण गर्नु ,
- गाउँभित्रका सम्पूर्ण सडकलाई तोकिएको मापदण्ड बमोजिम फराकिलो र व्यवस्थित गरी हरित सडकको रुपमा विकास गर्नु ,
- कृषिको आधुनिकीकरण तथा व्यवसायिकरण गरी गरीबी तथा वेरोजगारी समस्यालाई न्यूनीकरण गरी आत्मनिर्भर गाउँको निर्माण गर्नु सरकारी, सार्वजनिक जग्गाहरुको संरक्षण गर्नु,

छब्बन खाँ
गा.पा.अध्यक्ष

CamScanner

सभाध्यक्ष महोदय,

उपरोक्त चुनौतीहरुको वावजुत गाउँवासीको समृद्धिको सपना साकार पार्नु हाम्रो दायित्व हो । उक्त दायित्व पूरा गर्न आ.व. २०७९/०८० को बजेटका देहायका **उद्देश्यहरु** रहेका छन्।

- बेरोजगार युवा-युवतिहरुलाई रोजगारिका अवसर सिर्जना गर्ने,
- नेपालको संविधानले निर्दिष्ट गरेका प्रावधानहरुलाई कार्यान्वयन गरी जनतालाई संघीयताको अनुभूति दिलाउने,
- गाउँको विकासमा जनतालाई सहभागिता र अपनत्वको महसुस गराउने,
- जनताको माग र गाउँको प्राथमिकता वमोजिम विकास व्यवस्थापन गर्ने ,
- सुशासन र सुरक्षाको प्रत्याभूति दिलाउने,
- सूचना प्रविधिको विकाससँगै शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तर सुधार गर्ने ,
- सेवा प्रवाहलाई सरलिकृत र चुस्त बनाउने,
- निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीको रुपमा विकास गरी एकीकृत कृषि प्रणालीलाई अवलम्बन गर्न कृषकलाई प्रोत्साहन गर्ने ,
- उद्यमशील कृषि र पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सहयोग गर्ने ,
- प्राविधिक शिक्षा र सिपमूलक तालिमको माध्यमबाट स्वरोजगार बनाई जनताको जिवनस्तर सुधार गर्ने,
- जनतालाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने,

<u>योजना र कार्यक्रमहरुलाई नागरिकको आवश्यकता र समयानुकुल बनाउन तथा बजेट कार्यान्वयनमा प्रभावकारीता ल्याउन बजेट तथा कार्यक्रममा समावेश भएका योजना, कार्यक्रमहरुलाई निम्न आधारमा प्राथमिकिकरण गरी प्रस्तुत गरेको छु ।</u>

- वेरोजगार युवा तथा महिलालाई कृषि, पशुपंक्षी व्यवसायमा आवद्ध गरि आत्मनिर्भर गराउने,
- स्वास्थ्य क्षेत्रको सवलिकरण गर्न स्वास्थ्य क्षेत्रको पुनसंरचना गर्ने,
- प्रविधिमैत्री अपनत्व सहितको गुणस्तरीय शिक्षाका लागि शिक्षक, विद्यार्थीको क्षमता विकास गरी विद्यालयलाई प्रविधिमैत्री बनाउने ,
- स्वरोजगारको माध्यमबाट गरिबी न्यूनीकरणमा योगदान पुर्याउने,

छब्यन खाँ
गा.पा.अध्यक्ष

- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त हुने खालका कृषि, पशु विकासका कार्यक्रम सञ्चालन गर्ने ,
- राजस्व परिचालनमा योगदान पुर्याउने कार्यक्रमहरु,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासन प्रबर्धनमा सहयोग पर्याउने ,
- स्थानीय स्रोत साधन र सीपबाट सञ्चालन हुने तथा लागत सहभागितामा अभिवृद्धि गर्ने ,
- लैंगिक समानता, सामाजिक समावेशीकरणको माध्यमबाट पिछडिएका वर्ग तथा समुदायलाई राज्यको मुलधारमा समाहित गर्ने ,
- दिगो विकास र वातावरण संरक्षणमा योगदान पुर्याउने,
- स्वस्थ, शिक्षित र अनुशासित सामाजको विकासमा जोड दिने ,
- विशेष संस्कृति र जातीय पहिचान संरक्षण र प्रवर्धन गर्ने,
- नागरिक स्तरबाट उठान भएका आवश्यकता एवं अपेक्षाहरुको संवोधन गर्ने,
- गाउँपालिकाका गौरवका आयोजनाहरु जस्तै लिङ्क रोड, प्रशासनिक भवन निर्माण, वडा कार्यालयको प्रशासनिक भवन, १५ शैय्या अस्पताल, वडा स्तरीय स्वास्थ्य चौकी पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्ने,

**सभाध्यक्ष महोदय,**

संवत २०७९ साल आषाढ १० गतेका दिन गाउँसभाले स्वीकृत गरेको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम, नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची, मौलिक हकहरु, संघीय सरकार, प्रदेश र जानकी गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजना समेतले लिएका नीति तथा प्राथमिकताहरु जस्ता विषयलाई आधार लिई आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म गाउँपालिकामा भएका विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०७९/०८० को कुल व्यय रु. ५९ करोड ५३ लाख ५९ हजार रुपैंया बिनियोजन गरिएको छ ।

छब्बन खाँ
गा.पा.अध्यक्ष

CamScanner

तपशिल

१. आर्थिक विकास तर्फ

क) कृषि शाखा : ३५,००,०००/- (पैतीस लाख)

ख) पशु शाखा : ३५,००,०००/- (पैतीस लाख)

ग) सहकारी शाखा : ५,००,०००/- (पाँच लाख)

जम्मा : ७५०००००/- (पचहत्तर लाख)

२. सामाजिक विकास तर्फ

क) शिक्षा शाखा : रु.९००००००/- (नब्बे लाख)

ख) महिला तथा बालबालिका शाखा : रु.१५०००००/- (पन्ध्र लाख)

ग) स्वास्थ्य शाखा : ६००००००/- (साठी लाख)

जम्मा : रु.१६५०००००/- (एक करोड पैसठ्ठी लाख)

३. पूर्वाधार विकास तर्फ

क) गाउँपालिका स्तरीय योजना : रु.१६५५५९०००/- (सोह्र करोड पचन्न लाख उन्नसाठी हजार)

ख) वडा स्तरीय योजना : रु.४३००००००/- (चार करोड तीस लाख)

जम्मा : रु.२०९०५९०००/- (बीस करोड नब्बे लाख उन्नसाठी हजार)

४. वन वातावरण तथा विपत व्यवस्थापन तर्फ : रु.१००००००/- (दश लाख)

५. सुशासन तथा संस्थागत क्षमता विकास तर्फ

क) पालिका चालु : रु.९२५०००००/- (नौ करोड पचीस लाख)

ख) वडा स्तरीय चालु : रु.६००००००/- (साठी लाख)

ग) लक्षित कार्यक्रम : रु.५००००००/- (पचास लाख)

घ) न्यायिक समिति : रु.२५०००००/- (पचीस लाख)

ङ) कर्मचारी कल्याण कोष : रु.२००००००/- (बीस लाख)

जम्मा : १०,८०,००,०००/- (दश करोड असी लाख)

छब्बन खाँ
गा.पा.अध्यक्ष

CamScanner

## कुल बजेट : रु.५९,५३,५९,०००/-

## (उनसाठी करोड त्रिपन्न लाख उनसाठी हजार मात्र)

अन्त्यमा,

प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने गाउँपालिका अध्यक्ष ज्यू, सबै वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँ सभा सदस्य ज्यूहरु, विज्ञ एवं सल्लाहकार ज्यूहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, निजी क्षेत्र लगायत गाउँबासी दाजुभाई तथा दिदी बहिनीहरु साथै बजेट तर्जुमा गर्ने क्रममा खटिने राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

........................

राम प्यारी यादव

उपाध्यक्ष

जानकी गाउँपालिका बाँके

छब्बन खाँ

गा.पा.अध्यक्ष